# प्रस्तावको लागि अनुरोध (RFP)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
## सामाजिक विकास मन्त्रालय
मुकामः बुटवल, नेपाल

प. सं.०७७।७८
च.नं.१४३४

मितिः २०७७।११।२३

विषयः प्रस्ताव पेश गर्ने बारे ।

**श्री अनुसूची -२ मा संलग्न सेवा प्रदायक संस्थाहरु।**

प्रस्तुत विषयमा यस मन्त्रालयमा सूचिकृत हुनु भएका तपाई तालिम प्रदायक संस्थाहरुले मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम भित्रका सीप विकास तालिमहरु संचालनका लागि यसै साथ संलग्न अनुसूची-१ बमोजिमका तालिम किसिम र संचालन हुने स्थानको आधारमा **प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव** पेश गर्न आव्हान गरिएको छ। तोकिएको निर्देशन अनुसार प्रस्तावहरु तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावहरुलाई अर्को छुट्टै खाम बन्दी गरी सो खाम वाहिर फर्मको नाम लगाएतका विवरण स्पष्ट उल्लेख गरी मिति २०७७।१२।२३ गते कार्यालय समयभित्र यस मन्त्रालयमा पेश गर्नुहुन अनुरोध छ। साथै प्रत्येक २० जनाको १ समूहको लागि छुट्टाछुट्टै प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ र एउटा तालिम प्रदायक संस्थाले बढीमा १२ समूह भन्दा बढी तालिम संचालनको लागि प्रस्ताव पेश गर्न पाइने छैन। नियम नपुगी आएका प्रस्तावहरु स्वीकृत गरिने छैनन्। कृपया तपाईंले हामीलाई आमन्त्रण पत्र प्राप्त भएको भनी जानकारी दिनुहोला।

थानेश्वर ज्ञवाली
उपसचिव
**उप सचिव**